# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बारबर्दिया नगरपालिका
## बर्दिया

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बारबर्दिया नगरपालिका

## बर्दिया

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन


## बारबर्दिया नगरपालिका

## बर्दिया

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल


## दूरदृष्टि
## (VISION)



**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*


## गन्तव्य
## (MISSION)



**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**


*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)



| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**
**महालेखापरीक्षक**

२०८१ जेष्ठ ११

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

(लुम्बिनी प्रदेश)

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. १०५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुखज्यू ,
बारबर्दिया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बर्दिया।

## १. कैफियत सहितको राय

हामीले बारबर्दिया नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले बारबर्दिया नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. बारबर्दिया नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ९८ लाख ६२ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.१७ लाख ६१ हजार प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२ करोड ३२ लाख ७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८६ लाख ५१ हजार ६८, नियमित गर्नुपर्ने रु. ५८ लाख १० हजार र पेश्की बाँकी रु.४ लाख ३१ हजार रहेको छ । बारबर्दिया नगरपालिकाको गतवर्ष सम्म रु.१५ करोड २५ लाख ५१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१९ करोड ६ लाख ५२ हजार रहेको छ। बारबर्दिया नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग

सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने गंगादेव गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली)**
नायब महालेखापरीक्षक

# बारबर्दिया नगरपालिका, बर्दिया

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

( रकम रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४१ | २४ | ३९,८६२ | ० | ५ | १७६१ | ४१ | १९ | ३८,१०१ | २३२०८ | ५,८१० | ८६५१ | ० | ० | १४४६१ | ४३२ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रकम रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बारबर्दिया नगरपालिका ,बर्दिया | १५६०९९ | ० | ३५४८ | १५२५५१ | ० | ३८१०१ | १९०६५२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | ३०.१ | कार्यसम्पादन जमानत | ११३०००० |
| | | ३०.२ | रिटेन्सन कट्टी | २२९२९२ |
| | | ३२ | बढी भुक्तानी | ५२०२० |
| | | ४१ | वितरण भरपाई | २००००० |
| | | ४३ | वितरण भरपाई | १४९९९९ |
| | चालु वर्षको जम्मा | | | १७६१३११ |
| | आ.व. २०७८।७९ | ४७ | प्रमाण पेश नभएको | ४२४१५५ |
| | | ५१ | सुविधा रकम वढी | ४९१७३ |
| | | ५३ | बढी भुक्तानी | १४५३५ |

| | | | | |
|---|---|---|---|---|
| | | ६०.१ | नदीजन्य पदार्थ | ३३३३ |
| | | ६२.२ | कार्यक्रम खर्च | ९०८६४ |
| | | ६३ | पूर्व निर्धारित क्षतिपूर्ति | १६९२० |
| | | ६६ | बिल भुक्तानी | १७७२९०५ |
| | | ७३ | बढी भुक्तानी | ११९९७० |
| | | ८४ | बढी भुक्तानी | ११४११८ |
| | | ८५ | सामाजिक सुरक्षा | ४४२०३४ |
| | आ.व. २०७७।७८ | १७.२ | पेश्की | ५००००० |
| | गत विगतको जम्मा | | | ३५४८००७ |
| | कुल जम्मा | | | ५३०९३१८ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बारबर्दिया नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा २७ सभा सदस्य,२२६.०९ वर्ग किलोमिटर क्षेत्रफल तथा ६८ हजार १२ जनसंख्या रहेको छ ।

**ख) लेखापरीक्षण -** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा पहिचान गरीएको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०८०।१०।२ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१३ देखि २०८०।१०।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण यो

जना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोवारको स्थिति** - कार्यालय आय व्ययतर्फ रु. १ अर्व ७ करोड ३९ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण **अनुसूची - १** मा संलग्न छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस उपमहानगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणालीबाट यसवर्ष सुत्र (SuTRA) को २७२ बाट देखिएको आय व्यय र बाँकीको विवरण तथा संघीय सरकार र प्रदेश सरकार तर्फको C-GAS मार्फत आम्दानी र खर्चको आय व्यय विवरण **अनुसूची - २** मा संलग्न छ। ।

सैद्धान्तिक बेरुजु

३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२४ करोड ८० लाख २४ हजार, स्थानीय तह प्रशासकिय भवन रु.१ करोड तथा गरीव संग विश्वेशवर ४ लाख ६५ हजार समेत रु.२४ करोड ९४ लाख ८९ हजार सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **दायित्व भुक्तानी** - पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्त विभिन्न भुक्तानीहरुमा कट्टी गरेको विभिन्न रकम दाखिला गर्दा रु, २५हजार ८५५ बढी दाखिला भएकोले वित्तीय विवरणले बढी दायित्व दाखिला देखाएको छ।

सैद्धान्तिक बेरुजु

५ **न्यायीक समिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायीक समितिको परेका गत विगतका बाँकी २३ समेत १२० उजुरी मध्ये ८२ पर्स्योंट भई ४८ बाँकी रहेका छन । समितिमा परेको उजुरीको तोकिएको समयमा टुङ्गो लगाउने तथा सोको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९।३।१० मा रु ९५ करोड ११ हजार बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।३।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७ **लक्ष्य प्रगति** - कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका योजना समेत ३२४ योजना तथा कार्यक्रम मध्ये ४ योजना तथा कार्यक्रमको शुन्य, ४ कार्यक्रमको ५० प्रतिशत सम्म प्रगति रहेको छ ।बाँकीको प्रगति ७५ प्रतिशत भन्दा माथि रहेको देखियो । समयमानै कार्यक्रम संञ्चालन गरी तोकिएको प्रगति हासिल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **त्रैमासिक खर्च** - कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम त्रैमासिकमा २ प्रतिशत, दोस्रो त्रैमासिकमा ७.६२ प्रतिशत, तेस्रो त्रैमासिकमा ११.३७ तथा चौथो त्रैमासिकमा ७८.९० प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ३५ प्रतिशत खर्च गरेको छ । शीर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

| विवरण | | आषाढ महिना | त्रैमासिक खर्च रु. हजारमा |
|---|---|---|---|

| | कुल खर्च रु हजारमा | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक |
|---|---|---|---|---|---|---|
| पूँजिगत खर्चतर्फ | २६, ३९ , ८३ | ९, २७ , १४ | ५५, ३८ | २, ०१ , ३८ | ३, ०० ,१७ | २०८२९० |
| | | ३५ | २. | ७.६२ | ११.३७ | ७८.९ |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ७८.९० प्रतिशत तथा आषाढ महिनामा मात्र ३५ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

९ **योजना तथा वजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.२६ करोड ३९ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ अनुसार खरिद कार्यको लागि खरिद ईकाई गठन गरि खरिद सम्वन्धि कार्यवाही गर्नुपर्ने भए पनि शाखाहरु आ आफ्नै आवश्यकता अनुसार खरिद गरी लेखाशाखावाट सोधभर्ना भुक्तानी हुने गरेको छ । खरिद ईकाई गठन गरि आवश्यकता अनुसार गुणस्तरिय तथा मितव्ययी खरिद कार्य गर्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.५ करोड ३९ लाख ७२ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ५.३३ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र

खर्चको स्थिति देहायअनुसार रहेको छ । अन्य क्षेत्रको तुलनामा पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउन नसकेको तथा प्राथमिकतामा राखेको पाईएन । पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट रु हजारमा | खर्च रु. हजारमा | खर्च प्रतिशत कुल खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४५७४४ | २७१५१ | ३.५३ |
| २ | पूर्वाधार विकास | ३२९०८४ | २१५७९३ | २८.०७ |
| ३ | सामाजिक विकास | ४४७२८३ | ४१३०४४ | ७३.७३ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | २४८०१ | २१२२२ | २.७६ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १६५००९ | ९१४१० | ११.८९ |
| ६ | जम्मा | १०११९२३ | ७६८६२२ | |

सैद्धान्तिक बेरुजु

११ **योजनाको प्राथमिकीरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार वडाको लागि वडागत र पालिकास्तरका कुल ३२४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.५लाख सम्मका योजना सङ्ख्या | रु.५ लाख देखि १०लाख सम्मका योजना सङ्ख्या | रु.१० भन्दा वढीका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ३२४ | १३१ | १४९ | ४४ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र मुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.१ करोड १० लाख ८८ हजार, शिक्षातर्फ शिक्षकहरुको रु.४ करोड २३ लाख ८५ हजार पालिकाका चालुतर्फ कर्मचारीको रु.६ करोड ६१ लाख ८३ हजार गरी रु. ११ करोड ९६ लाख ५६ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१३ **कानुन निर्माण तथा कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १३ वटा ऐन तथा ८१ नियमावली तथा कार्यबिधि स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वयन भएको देखिदैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

१४ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

- पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम खर्च गरेको छ ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्रासिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन
- सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा सवै निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।विविध खर्चतर्फ पालिकाले रू.१४ लाख ९३ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१५ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **सेवाप्रवाहको स्थिति** - यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्रासभएको छ :

| विवरण | जम्मा |
|---|---|
| जन्मदर्ता | १५९७ |
| मृत्युदर्ता | ४९४ |

| | |
|---|---|
| बसाईसराई दर्ता | १५८८ |
| विवाह दर्ता | ९२६ |
| सम्बन्धविच्छेद दर्ता | ४६ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ७ किमी |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | २८ किमी |
| ग्राभेल सडक मर्मत | ९.२ कि.मी |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह प्रभावकारी वनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१७ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। पालिकामा स्वीकृत दरवन्दि २७ रहेकोमा पदपुर्ति ९ पद रिक्त रहेको छ ।त्यसै दरवन्दी नरहेका कार्यालय सहयोगी, माली वाहेकको विभिन्न ५ कर्मचारी ज्याला दारीमा राखि रु.२२ लाख ५९ हजार तलव भत्ता भुक्तानी गरेको पाइयो। पालिकाले कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पेश गरेको छैन। जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलव्धिमा समेत नकारात्मक असर पर्दछ । स्वीकृत दरबन्दी बेगर पदमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २२,५९,९२२ |

१८ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा नगरपालिका चालु बाट रु.२० लाख ट्रान्सफर गरेको छ। तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी नगरपालिका अनुदानबाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००,००० |

१९ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १२२ व्यक्तिहरुलाई

रु.६ लाख १२ हजार आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **यन्त्र उपकरण सञ्चालन** - पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२१ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदनमा उल्लेख भए वमोजिम मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गरेको छैन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२२ **विद्यालयलाई प्रति विधार्थी अनुदान** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगराइ IEMIS मा उल्लेखित विद्यार्थी संख्या यकिन गरी अनुदान निकासा गरेको नियमसंगत देखिदैन । साथै विद्यालयले वितरण गरेको अनुदानको गाउँ शिक्षा समिति गठन गरी अनुगमन समेत गरेको पाईएन । अतः गाउँपालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ तथा पाठ्यपुस्तक र दिवा खाजा खरिद गरेको प्रतिलिपि बील पालिकामा पेश गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२३ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ तथा खरिद सम्झौता वमोजिम

पेश्की फस्यौंट गर्नुपर्दछ । पालिकाले यस वर्ष निम्न निर्माण व्यवसायीलाईलाई रु.४१ लाख ३१ हजार पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी खरिद सम्झौता वमोजिम पेश्की फस्यौंट गर्नुपर्दछ ।

| पेश्की लगेको मिति | विवरण | पेश्की लानेको नाम | पेश्की रकम |
|---|---|---|---|
| २०७९।१२।०६ | विष्णुधनि बहुप्राविधिक शिक्षालय भवन निर्माण | सात भाई निर्माण सेवा एण्ड सप्लायर्स प्रा.ली. | ६६७०००।० |
| २०७९।१२।२४ | भिम मार्ग सडक कालोपत्रे | सौरभ कन्स्ट्रक्सन | १००००००।० |
| २०७९।१२।२९ | पलाल मार्ग (औरी-सोनपुर) कालोपत्रे वडा नं.८ | प्रेम निर्माण सेवा प्रा.लि | ११२४०००।० |
| २०८०।१।२३ | वडा नं. ५ कार्यालयको भवन निर्माण | बडिमालिका कन्ष्ट्रक्सन | १३४००००।० |
| | | जम्मा | ४१,३१,०००।० |

| सैद्धान्तिक बेरुजु |
|---|

२४ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.४ लाख ३१ हजार ९११ फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| पेश्की लगेको मिति | विवरण | पेश्की लानेको नाम | पेश्की रकम |
|---|---|---|---|
| २०८०।२।०९ | झो.पु. निर्माण | ढकैला खैरेनी झो.पु. उपभोक्ता निर्माण समिति | ४,३१,९११।० |

| पेश्की | ४,३१,९११ |
|---|---|

२५ **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । संघिय शसर्त पुँजिगतवाट भएका यससम्वन्धी केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| उपभोक्ता समितिको नाम | कामको विवरण | लागत | भुक्तानी रकम |
|---|---|---|---|
| सरस्वती मा वि जमुनिया | भवन निर्माण | ३३०३३६१।० | २८३५२३३।० |

| | | | |
|---|---|---|---|
| जन सेवा मा वि वैदी | भवन निर्माण | ५३८१२५४।० | ४४८३४०३।० |
| भानुभक्त मा वि<br>भवन निर्माण | भवन निर्माण | ५४२२९३८।० | ४७७५३८९।० |
| पाञ्चजन्य मा वि | भवन निर्माण | ३४७०३५५।० | ३३५९७२३।० |
| अंशुवर्मा मा वि | भवन निर्माण | ५००३६७०।०। | ४४८२९००।० |
| जनज्योति मा वि | भवन निर्माण | ५५६९६८२।० | ४४८४८७७।० |

सैद्धान्तिक बेरुजु

२६ **मूल्यअभिवृद्धि कर विजक** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समिति मार्फत गर्ने कामको लागत अनुमान तयार गर्दा निर्माण सामग्री खरिदको मूल्यअभिवृद्धि कर समेत समावेश गरी लागत अनुमान तयार गरेकोमा देहायका उपभोक्ता समितिले भुक्तानी लगेको मूल्य अभिवृद्धि कर वरावरको मूल्यअभिवृद्धि कर बिजक पेस नगरेकोले मूल्यअभिवृद्धि कर बापत भुक्तानी भएको निम्नानुसारको रु.१ लाख ८० हजार ८०७ असुल गर्नुपर्ने रु.

| भौ.नं.मिति | कामको विवरण | भुक्तानी भएको मू.अ.कर | विल पेश भएको | वढी मू.अ.कर |
|---|---|---|---|---|
| ३३।२०८०।२।९ | सरस्वती मा वि जमुनिया | ७०३४९।० | ३३७५९।० | ३६५९० |
| ३५।८०।२।९ | जन सेवा मा वि वैदी | १२८३३६।० | १०५६३७।० | २२६९९ |
| ५१।८०।३।२१ | भानुभक्त मा वि भवन निर्माण | १८५३१०।० | १३६४९२।० | ४८८१८ |
| १८३।८०।२।१ | ढकैला जाल्नीको घर दक्षिण | १६६२४।० | ८३६९।० | ८२५५ |
| २४४।८०।२।२२ | जोधिपुर खोप केद्र भवन | ३२१६९।० | २३८८८।० | ८२८१ |
| २५४।८०।२।३० | छोड्कीपुर चौरापुर खोपकेन्द्र | ४२५४९।० | ३०१००।० | १२४४९ |
| २६४।८०।३।२३ | जनाता आ वि पक्की पुल भवन | ४३७१५।० | ० | ४३७१५ |
| | जम्मा | | | १८०८०७।० |

| असुल गर्नुपर्ने | १,८०,८०७ |
|---|---|

२७ **भीममार्ग निर्माण** - ढकैला मानपुर सडक निर्माणका लागि लागत अनुमान रु.१ करोड ९३ लाख ९९ हजार६६३ स्वीकृत गरी बोलपत्र भएकोमा रु.९३ लाख ८१ हजार ८५३ कबुल गर्ने पौडेल निर्माण सेवा संग २०७६।१२।३० मा २०७७।०८।३० भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा सम्झौता वमोजिमको समयमा कार्यसम्पन्न हुन नसकि २०७८।०३।३० सम्म म्याद थप भएको छ। ८ महिनामा सम्पन्न

गर्नुपर्ने काम ४५ महिना अर्थात ५६२ प्रतिशत समय समाप्त हुँदा ६०.४५ प्रतिशत प्रगति भई रु.५६ लाख ७२ हजार २८ भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका ब्यहोरा देहायमा उल्लेख छन

२७. **कार्य सम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) तथा खरिद सम्झौता वमोजिम
१ कार्य सम्पादन जमानतको अवधि कार्य सम्पन्न भई त्रुटी सच्याउने अवधि भन्दा एक महिना वढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ।उल्लेखित अनुसारको निर्माण कार्यको कार्य सम्पादन जमानत रु.४० लाख २३ हजार कार्यसम्पन्न गर्नुपर्ने अवधि समाप्त भएको,म्याद थप भई नआएको तथा ठेक्का खरिद ऐन,२०६३ को दफा ५९ वमोजिम अन्त्य भई नसकेको अवस्थामा चालु रहेकोले उक्त जमानतको म्याद थप गरी पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,२३,००० |

२७. **पेश्की जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६ ) तथा खरिद सम्झौता वमोजिम
२ निर्माण व्यवसायीले सम्झौता वमोजिमको कार्य सम्झौतामा उल्लेखित अवधिमा कार्य नगरेको कारणवाट पेश्की फछ्र्यौट हुन नसकेमा बैंक जमानतको रकम सयकडा दश प्रतिशत ब्याज सहित सम्वन्धित वैकंवाट प्राप्त गरी पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायिले सम्झौता वमोजिम कार्य नगरेको तथा बैंक जमानतको म्याद १५ डिसेम्वर २०२१ मा समाप्त भएकोमा पेश्की वाँकी रकम रु.१२ लाख ६० हजार जोखिममा रहेको छ।निर्माण व्यवसायिले समयमा काम नगरेका कारण पेश्की फछ्र्यौट हुन नसकेकोले सोको जमानत पेश गर्ने अन्यथा असुल फछ्र्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,६०,००० |

२७. **पुर्वनिर्धारित क्षतिपुर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा खरिद सम्झौताको विषेश सर्त
३ ५५.१ वमोजिम खरिद सम्झौतामा तोकेको समयमा कार्य सम्पन्न हुन नसकेमा पुर्वनिर्धारित क्षतिपुर्ति तिर्नुपर्ने व्यवस्था छ।सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न नभएको पटक पटक पत्राचार गर्दा काम नगरेको यस वर्ष कामै नभएकोले खरिद सम्झौताको विशेष शर्त तथा सार्वजनिक खरिद नियमावली वमोजिम अधिकतम दश प्रतिशतले हुने रु.९ लाख ३८ हजार पुर्वनिर्धारीत क्षतिपुर्ति असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,३८,१८५ |

२८ **रुपलालमार्ग** - रुपलाला मार्ग सडक निर्माणका लागि लागत अनुमान रु.१ करोड ९३ लाख स्वीकृत गरी बोलपत्र भएकोमा रु.१ करोड १६ लाख ३८ हजार ८५३ कबुल गर्ने प्रेम निर्माण सेवा संग २०७९।११।१६ मा २०८०।०२।१५ भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा सम्झौता वमोजिमको समयमा कार्यसम्पन्न हुन सकेको छैन। कामै नभएकोले वजेट फ्रिज हुने र आगामी वर्ष नगरपालिकालाई आन्तरिक तर्फ व्यभार पर्नेहुँदा समयमा सम्पन्न गर्ने अन्यथा खरिद सम्झौता वमोजिम कारवाही गर्ने पटक पटक पत्राचार गरेकोमा प्रगती शुन्य रहेको छ। खरिद सम्झौताको म्याद समाप्त भएकोमा थप नभएको संसोधित कार्यतालिका पेश नगरेको म्याद थपको निवेदन नदिएको अवस्था रहेको छ ।यस सम्वन्धमा देखिएका ब्यहोरा देहायमा उल्लेख छन

२८.१ **पेश्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६ ) तथा खरिद सम्झौता वमोजिम निर्माण व्यवसायीले सम्झौता वमोजिमको कार्य सम्झौतामा उल्लेखित अवधिमा कार्य नगरेको कारणवाट पेश्की फछ्र्यौट हुन नसकेमा बैंक जमानतको रकम सयकडा दश प्रतिशत ब्याज सहित सम्वन्धित वैकंवाट प्राप्त गरी पेश्की फस्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायिले सम्झौता वमोजिम कार्य नगरेको तथा बैंक जमानतको म्याद २०८०।२।२९ मा समाप्त भएकोमा पेश्की बाँकी रकम रु.११ लाख २४ हजार जोखिममा रहेको छ।निर्माण व्यवसायिले समयमा कम नगरेका कारण पेश्की फछ्र्यौट हुन नसकेकोले जमानत पेश गर्ने अन्यथा असुल फछ्र्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,२४,००० |

२८.२ **पुर्वनिर्धारित क्षतिपुर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा खरिद सम्झौताको विषेश सर्त ५५.१ वमोजिम खरिद सम्झौतामा तोकेको समयमा कार्य सम्पन्न हुन नसकेमा पुर्वनिर्धारित क्षतिपुर्ति तिर्नुपर्ने व्यवस्था छ। सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भई सक्नुपर्ने अवधिमा सुरु समेत नगरेको यस वर्षको संघिय वजेट फ्रिज हुने तथा आगामी वर्ष श्रोतको सुनिश्चित नहुने अवस्थाममा पटक पटक निर्माण कार्य गर्ने अन्यथा सम्झौता वमोजिम कारवाही गर्ने उल्लेख गरेकोमा निर्माण व्यवसायीवाट अटेरी गरी काम नभएकोले म्याद समाप्त भएको अवधि देखि असारमसान्त सम्म ३३ दिनको सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले हुन आउने रु.५८१९।० ले हुने रु.१ लाख ९२ हजार समेत कार्य सम्पन्न हुने अवधि सम्मको पुर्वनिर्धारीत क्षतिपुर्ति असुल गरी कार्य सम्पन्न हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९२,०२७ |

२९ **कभर्ड हल निर्माण** - कभर्डहल निर्माणका लागि लागत अनुमान रु.१ करोड ४९ लाख ५६ हजार स्वीकृत गरी बोलपत्र भएकोमा रु.१ करोड ४ लाख ८७ हजार कबुल गर्ने सुखेरी निर्माण सेवा संग २०७७।७८ मा २०७८।०८।१५ भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा सम्झौता वमोजिमको समयमा कार्यसम्पन्न हुन नसकि २०७९।१२।३० सम्म म्याद थप भएकोमा कार्य सम्पन्न हुननसकेकोले समयमा सम्पन्न गर्ने अन्यथा खरिद सम्झौता वमोजिम कारवाही गर्ने पटक पटक पत्राचार गरेकोमा प्रगती शुन्य रहेको छ। खरिद सम्झौताको म्याद समाप्त भएकोमा थप नभएको, संसोधित कार्यतालिका पेश नगरेको, म्याद थपको निवेदन नदिएको तथा हाल सम्म ६० प्रतिशत मात्र काम भई रु.६३ लाख ३० हजार भुक्तानी भएको छ ।यस सम्वन्धमा देखिएका ब्यहोरा देहायमा उल्लेख छन

२९.१ **पेश्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६ ) तथा खरिद सम्झौता वमोजिम निर्माण व्यवसायीले सम्झौता वमोजिमको कार्य सम्झौतामा उल्लेखित अवधिमा कार्य नगरेको कारणवाट पेश्की फछ्र्यौट हुन नसकेमा बैंक जमानतको रकम सयकडा दश प्रतिशत ब्याज सहित सम्वन्धित वैकंवाट प्राप्त गरी पेश्की फस्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायिले सम्झौता वमोजिम कार्य नगरेको तथा बैंक जमानतको म्याद २०७९।३।२४ मा समाप्त भएकोमा पेश्की बाँकी रकम रु.४ लाख जोखिममा रहेको छ।निर्माण व्यवसायिले समयमा कम नगरेका कारण पेश्की फछ्र्यौट हुन नसकेकोले जमानत पेश गर्ने अन्यथा असुल फछ्र्यौट हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

२९.२ **पुर्वनिर्धारित क्षतिपुर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा खरिद सम्झौताको विषेश सर्त वमोजिम खरिद सम्झौतामा तोकेको समयमा कार्य सम्पन्न हुन नसकेमा पुर्वनिर्धारित क्षतिपुर्ति तिर्नुपर्ने व्यवस्था छ। सम्झौता वमोजिम निर्माण कार्य नगरेकोले पटक पटक निर्माण कार्य गर्ने अन्यथा सम्झौता वमोजिम कारवाही गर्ने उल्लेख गरेकोमा निर्माण व्यवसायीवाट अटेरी गरी काम नभएको साथै उक्त कार्य लेखापरीक्षणको अवधि २०८०।९।७ सम्म पनि सम्पन्न नभएको, कार्य सम्पादन जमानत जफतका लागि पत्राचार गरेकोमा बैंकवाट उक्त रकम प्राप्त नभएको अवस्थामा निर्माण व्यवसायीको कारणवाट निर्माण कार्य हुन नसकेकोले खरिद सम्झौताको विशेष शर्त तथा सार्वजनिक खरिद नियमावली वमोजिम म्याद समाप्त भएको अवधि देखि असारमसान्त सम्म ९३ दिनको सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले हुन आउने रु.५२४३।० ले हुने रु.४ लाख ८७ हजार समेत कार्य सम्पन्न हुने अवधि सम्मको पुर्वनिर्धारीत क्षतिपुर्ति असुल गरी कार्य सम्पन्न हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८७,५९९ |

३० **पाञ्चजन्य मा.वि. चार कोठे भवन** - भवन निर्माणका लागि लागत अनुमान रु.९२ लाख ५३ हजार स्वीकृत गरी बोलपत्र भएकोमा रु.६१ लाख ९९ हजार कबुल गर्ने मनाकामना निर्माण सेवा संग २०८०।०२।१२ भित्र कार्य सम्पन्न गर्नेगरी विद्यालयवाटै खरिद सम्झौता भएकोमा यस वर्ष ८३ प्रतिशत कार्य भई रु.५१ लाख ८२ हजार भई रकम भुक्तानी भएको छ ।

३०.१ **कार्य सम्पादन जमानतः**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२२ को निर्णयबाट रु. ११३०००० ।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३०.२ **रिटेन्सन कट्टा नभएकोः**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२२ को निर्णयबाट रु. २२९,२९२ ।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३१ **कण्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्दा लागत अनुमान रकमको वर्क चार्ज २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कण्टिजेन्सी खर्चको व्यवस्था गरेको छ । कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यालयबाट

भुक्तानी गरिने रकमको ४ प्रतिशत रकम कण्टिजेन्सीको व्यवस्था गरेको छ । कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा खर्च गर्नुपर्दछ । यो वर्ष रु.१५ लाख ३५ हजार यस्तो खर्च गरे पनि कार्यालयले योजनागत अभिलेख नराखेकोले वर्कचार्ज र अन्य खर्चमा भएको कन्टिन्जेन्सी खर्च यकिन गर्न सकिएन । वर्क चार्ज र अन्य खर्च खुल्ने गरी योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकोले उक्त खर्च तोकिएको सिमा र सम्बन्धित कार्यमा खर्च गरे नगरेको यकिन गर्न सकिएन। योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख राखी खर्चलाई पारदर्शी बनाउनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२९५।८०।३।१९ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४)बमोजिम लागत अनुमान तयार गर्दा निर्माण सामाग्रीको दर स्वीकृत जिल्ला दररेट वमोजिम तयार गर्नु पर्दछ ।विपन्न परिवारका लागि खानेपानी धारा वडा नं ८ को लागि लागत अनुमान तयार गर्दा HDP पाईपको जिल्ला दरलेट वमोजिम प्रति के.जी cm2 रु.४०।० हुनु पर्नेमा प्रति के.जी cm2 रु.२७१।२० भएकोले वढी दर रु.२३१.२०ले २२५ के.जी cm2 को रु.५२,०२०।० वढी भुक्तानी भएको पाईयो । उक्त वढी भुक्तानी भएको रकम सम्वन्धितवाट असुल हुनुपर्ने रु.

३२ **वढी भुक्तानी**

*✂........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८१।१।२३ को निर्णयबाट रु. ५२,०२० ।- सम्परीक्षण गरिएको ।)*

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ० |

३३ **पेश्की फस्यौंट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ वमोजिम तथा खरिद सम्झौताको विशेष सर्त ५७(३) वमोजिम सम्झौता रकमको ३० प्रतिशत काम भए पछि प्रत्येक विलको ३० प्रतिशतका दरले रकम कट्टा गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ ।वडा नं ५ को वडा कार्यालय निर्माणका लागि वडीमालिका कन्ट्रक्सनको रु.७५ लाख ५५ हजार १६६ स्वीकृत गरी खरिद खरिद सम्झौता भएको तथा रु.१४ लाख ४० हजार पेश्की दिएकोमा प्रथम विलवाट रु.२५ लाख ५७ हजार ९५१ भुक्तानी गर्दा सोको ३० प्रतिशतले हुन आउने रकम रु.७ लाख ६७ हजार ५०० कट्टा हुनुपर्नेमा पेश्की फछ्यौंट गर्नुपर्नेमा गरेको देखिएन । खरिद सम्झौता अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३४ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका निर्माण कार्यको लागि प्रतिस्पर्धा नगराई विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु. १ करोड ७३ लाख ५८ हजार खर्च गरेको छ । जुन पालिकाका पुँजीगत खर्चको ३.७२ प्रतिशत रहेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ ।

| भौ. नं. | कामको विवरण | निर्माण व्यवसायी | लागत अनुमान | खरिद रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| विभिन्न | सडक निर्माण तथा अन्य | विभिन्न १४ निर्माण व्यवसायी | १००६६२६३ | १०००२३९२ |
| विभिन्न | सडक वोर्ड तर्फ सडक मर्मत | विभिन्न १३ निर्माण व्यवसायी | ७३५६५२९।९ | ७३५६५२९।९ |
| | | जम्मा | १७४२२७९२। | १७३५८९२१।० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३५ **उपयोग नभएको** - सार्वजनीक खरिद ऐन, २०६३ को दफा ५ वमोजिम कुनै पनि खरिद कार्यको लागि लागत अनुमान तयार गर्नुपर्ने तथा कार्य सम्पन्न पछि सोको नापी तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ। यस वर्ष नगरपालिकाले निम्नानुसार निर्माण सामाग्री खरिद गरेकोमा लागत अनुमान तयार नगरेको तथा सोको नापी तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाईएन। अतः उक्त रु.१८ लाख ४४ हजार ६८ को खरिद भएका निर्माण सामाग्रीको नापी तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| भौ.नं.मिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| ४५।७९।११।१२ | मनिकापुर शहिद मार्गका लागि ह्युमपाईप खरिद | ४३१४१०।० |
| ६८।७९।१२।७ | ह्युमपाईप तथा विद्युत पोल खरिद | ५०३४१५।० |
| ६७।७९।१२।७ | ह्युमपाईप तथा विद्युत पोल खरिद | २०५७५०।० |
| २६५s८०।३।३० | वडा नंम्वर ९ ह्युमपाईप खरिद | ७०३४९३।० |
| | जम्मा | १८४४०६८।० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,४४,०६८ |

३६ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट नगर स्वय शिक्षकहरुको लागि रु.३० लाख ९४ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो।शशर्त अनुदान वाट तलव भत्ताको व्यवस्था भएकोमा समानीकण शिर्षकवाट खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ३०,९४,५०० |

३७ **छात्रवृति निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं ७.२.१.१ अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृतीको व्यवस्था छ । पालिका अन्तर्गत संचालित विद्यालयहरु छात्रवृती वितरणको परीक्षण गर्दा देहायका विद्यालयलाई वितरण भन्दा बढी निकासा भएकोले बढी निकासा रकम देहायका विद्यालयहरुबाट असुल गर्नुपर्ने रु.

| क स | विद्यालयको नाम | निकासा विद्यार्थी संख्या | भरपाई संख्या | फरक संख्या | फरक रकम |
|---|---|---|---|---|---|
| १ | जनता प्रा वि जोधिपुर | ६० | ५९ | १ | ४०० |
| २ | नेपाल राष्ट्रिय मा वि वेलवाबज्जा | ३२१ | ३०० | २१ | ८४०० |
| ३ | युवक मा वि जोगिगाउँ | २३४ | २१४ | २० | ८००० |
| ४ | जनचेतना आ वि नारायणपुर | १४५ | १४४ | १ | ४०० |
| ५ | नेपाल प्राज्ञिक आ वि जब्दी | १०६ | १०४ | २ | ८०० |
| ६ | अ.श.द.च.मा वि खैरेनी | २०० | १६३ | ३७ | १४८०० |
| ७ | जनज्योति मा वि बनगाई | २५४ | २५३ | १ | ४०० |
| ८ | कृष्णसार प्रा वि थानफेना | ५१ | ४७ | ४ | १६०० |
| ९ | जनता मा वि रम्मापुर | २११ | २०८ | ३ | १२०० |
| १० | जनज्योति आ वि औरी | १६२ | १६० | २ | ८०० |
| ११ | भगवती प्रा वि हर्नवा | ३५ | ३२ | ३ | १२०० |
| १२ | जनजागृती प्रा वि गुलरा | ४० | ३७ | ३ | १२०० |
| १३ | अंशुवर्मा मा वि जयनगर | ३०७ | ३०५ | २ | ८०० |
| १४ | भानुभक्त मा वि सिउनिया | १६५ | १६४ | १ | ४०० |
| १५ | कुसमा देवी आ वि रानीपुर | १५६ | १५१ | ५ | २००० |
| | जम्मा | ५५६० | २३४१ | १०६ | ४२४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,४०० |

३८ **स्थानीय तहका पदाधिकारी सुविधा** - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बीनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. १ करोड ३० लाख २० हजार सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ | उपप्रमुख / | वडाअध्यक्ष ११ जना | कार्यपालिका सदस्य २१ जना | सभाका सदस्य ३८जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ० | ० | ० | ० | ० | ० |
| २ | यातायात खर्च | ० | १२००० | १२००० | १२००० | ३५०० | ३९५०० |
| ३ | टेलिफोन,मोबाइल | ४००० | ४००० | ३००० | ३००० | २५०० | १६५०० |
| ४ | पुस्तक,पत्रीका,ईन्टरनेट | ५००० | ५००० | ४००० | ३००० | २००० | १९००० |
| ५ | मर्मत सम्भार र विजुली | ५००० | ५००० | ० | ० | ० | १०००० |
| ६ | जनसर्म्पक विशेष कार्य सुविधा | १३००० | ८००० | ७००० | ५००० | ३००० | ३६००० |
| ७ | अतिथि सत्कार | ७००० | ६००० | ६००० | ६००० | ० | २५००० |
| ८ | खानेपानी/बिजुली/ सरसफाई | ५००० | ५००० | ० | ० | ० | १०००० |
| ९ | चाडपर्व खर्च | १५००० | १५००० | १२००० | १०००० | ८००० | ६०००० |
| १० | जम्मा | ५४००० | ६०००० | ४४००० | २८००० | १९००० | १६१००० |
| ११ | कुल जम्मा संख्या अनुसार | ५४००० | ६०००० | ६१६००० | ११२००० | ७२२००० | २E+०६ |
| | जम्मा १२ महिनाको एकमुष्ट जम्मा खर्च रकम रु. १,३०,२०,०००।० | | | | | | |

सैद्धान्तिक बेरुजु

३९ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई प्राविधिक कर्मचारीहरुका लागि फिल्ड भत्ता रु.७ लाख २० हजार तथा अन्य कर्मचारीहरुका लागि रु.३३ लाख ४९ हजार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **गैह्रसरकारी संस्था मार्फत कार्य** - पालिकाले गैह्र सरकारी संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी

रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न खासगरी बोका बाख्रा वितरण,खोर निर्माण एंव उद्यमशिलता तालिम संचालन गर्न यस बारबर्दिया नगरपालिका ले आ व २०८२/८३ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७९ मंसिर २९ मा रु ५ करोड १४ लाख १४ हजार सम्झौता गरी यो बर्ष रु ५३ लाख ७१ हजार भुक्तानी गरेको छ ।सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

४०.१ **कानुनी व्यवस्था** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७० बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ ।

सैद्धान्तिक बेरुजु

४०.२ **विल बिजक** - हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको रु.५३ लाख ७१ हजारमा कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले 25 प्रतिशत योगदान गर्ने र 75 प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैंक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४०.३ सम्झौताको अनुसार भविश्यमा आईपर्न सक्ने जोखिम न्यूनीकरणका लागी कर्मचारी, वितरण गरिने बाख्रा बोका पाठा पाठीको विमा गराउनु पर्नेमा दोस्रो पक्षवाट यस्तो विमा गराएको पाईएन ।

सैद्धान्तिक बेरुजु

४०.४ सम्झौताको अनुसार संचालित कार्यक्रमको पालिकावाट मासिक,त्रैमासिक र अर्धवाषिक रुपमा स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने व्यवस्था रहेकोमा पालिकावाट यस्तो अनुगमन मुल्याङ्कन गरेको छैन ।

सैद्धान्तिक बेरुजु

४०.५ सम्झौता अनुसार दोस्रो पक्षले संचालित कार्यक्रमको मासिक,त्रैमासिक र अर्धवार्षिक प्रतिवेदन पालिकामा पेश गर्नु पर्नेमा सो बमोजिम प्रतिवेदन पेश गरेको छैन । पालिकावाट समेत प्रतिवेदन पेश गर्न लगाउन पहल गरेको छैन । गैर सरकारी संस्थाबाट कार्य गराउदा खरिद कानुनको पालना हुनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४१ **वितरण भरपाई**

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२२ को निर्णयबाट रु. २००००० ।- सम्परीक्षण गरिएको ।)*

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४२ **सहकारी सम्वन्धी विवरण**

४२.१ यस नगरपालिकामा निम्नानुसारको सहकारी संस्थाहरु दर्ता भएका र सो को संञ्चालन अवस्था देहाय अनुसार रहेको विवरण प्राप्त भएको छ ।

| सि. नं . | व्यहोरा | सङ्ख्या | मासिक विवरण पेश गर्ने सङ्ख्या | अनुगमन गरेको सङ्ख्या |
|---|---|---|---|---|
| १ | बचत तथा ऋण कारोवार गर्ने सहकारी संस्था | ११ | ० | ८ |
| २ | बहुउद्देश्यीय सहकारी संस्था | ७ | ० | ४ |
| ३ | अन्य संस्था | ३७ | ० | २२ |
| | जम्मा | २५ | ० | २५ |

| सैद्धान्तिक बेरुजु |
|---|

४२.२ **अनुगमन** - सहकारी संस्थाको अनुगमन गर्दा निम्नानुसारको व्यहोरा देखिएकोमा सोको सुधारको लागि निर्देशन दिएकोमा सुधार भए नभएको सोको प्रतिवेदन लिएको देखिएनः

- कर्मचारी र समितिले लिएको ऋण तिर्न बाँकी रहेको रकम तथा भाखा बिवरण नगरपालिकामा पठाउनु पर्ने,
- ऋण असूली समिति गठन गर्नुपर्ने,
- संचालक समतिको बैठक अनिवार्य रुपमा मासिक र लेखा सुपरिबेक्षण समितिको बैठक ३/३ महिनामा र अन्य समितिको बैठक आवस्यकतानुसार बस्नु पर्ने समितिको बैठकको प्रमाणित फोटोकपि मासिक रिपोर्टका साथ नगरपालिकामा पेश गर्नु पर्ने,

- साधारण सभामा निर्णय गर्ने,कानून निर्माण समिति गठन गर्ने छलफल गर्ने सहजिकरणको लागि नगर सहकारी शाखा संग अनिवार्य राय सल्लाह लिने , संचालक समितिले निर्णय गर्ने, कानुन नबनाई कुनै पनि कार्य नगर्ने नगराउने,
- लेखा परिक्षकको तोक्दा एउटै लेखापरिक्षकलाई लगातार ३ पटक भन्दा बढी नतोक्ने र पारिश्रमिक साधारण सभाबाट निर्णय गराई तोक्ने र लेखापरिक्षण असोज मसान्त भित्र गरिसक्नु पर्ने, र साधारण सभा पौष मसान्त भित्र गरि साधारण सभाको रिपोर्ट र लेखा परिक्षणको रिपोर्ट साधारण सभा सम्पन्न भएको ७ दिन भित्र नगरपालिकामा पेश गर्नुपर्ने,
- कार्यक्षेत्र भन्दा बाहिर रहि सदस्यता बिस्तार गरेको तुरुन्त नियन्त्रण गर्ने,

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२.३ **सहकारीवाट वचत हिनामिना** - बर्दियाको गुलरियामा प्रधान कार्यालय भै वारवर्दिया नगरपालिका जयनगर बजारमा सेवाकेन्द्र संचालन गरेको नमस्ते बचत तथा ऋण सहकारी संस्थाले सेयरसदस्य बचत कर्ताको बचत रकम हिनामिना गरेकोले सेयर सदस्यको उजुरी निबेदन संकलन गरी तत्कालै जिल्ला प्रशासन कार्यालय बर्दिया गुलरियामा आवस्यक कार्बाहीका लागि पठाइएको। यस सम्वन्धमा आवश्यक कार्वाही गरी वचतकर्ताको रकम फिर्ता गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२.४ **मासिक विवरण** - सहकारी संस्थाले नियमित रुपमा नगरपालिकामा मासिक रुपमा विवरण पठाउनुपर्नेमा २६ वटै सहकारीले यस्तो विवरण पठाएको देखिएन । नियमानुसार मासिक विवरण पेश गर्न लगाउनु पर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **वितरण भरपाई**

***✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२२ को निर्णयबाट रु. १४९९९९ ।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४४ **कार्य क्षेत्र वाहिर खर्च** - २६८।८०।३।४ स्थानीय सरकारको कार्यक्षेत्र माध्यामिक शिक्षामात्र रहेको उच्चशिक्षा पर्दैन । तर नगरपालिकाले जनसेवा क्याम्पस वैदीलाई लाईब्रेरी व्यवस्थापन वापत रु.४ लाख ५५ हजार ८७० भुकतानी दिएकोले कार्य क्षेत्र वाहिरको खर्च अनियमित देखिएको रु।

| | |
|---|---|
| अनियमित भएको | ४,५५,८७० |

४५ **दाखिला गर्न बाँकी कर** - आयकर ऐन, २०५८ को दफा ८८ वमोजिम भुक्तानीमा एक दशमलव पाँच प्रतिशतका दरले अग्रिमकर कट्टी गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय शसर्तवाट देहायको विद्यालयमा शैक्षिक सुदृढिकरण कार्यक्रिममा निम्नानुसार भुक्तानी भएकोमा अग्रिमकर कट्टा गरेको नदेखिएकोले रु.१९ हजार ६५४ असुल गरी दाखिला हुनुपर्ने रु.

| क. सं. | विद्यालयको नाम ठेगाना | कार्यक्रम | भुक्तानी रकम | विल रकम भ्याट बाहेकको | अग्रीम कर |
|---|---|---|---|---|---|
| १ | श्री जनप्रिय आ वि जब्दहवा | ICT व्यवस्थापन | २००००० | १८४३३० | २७६५ |
| २ | श्री जनचेतना आ वि नारायणपुर | ICT व्यवस्थापन | २००००० | १७०५६० | २५५८ |
| ३ | श्री जनता आ वि जोधिपुर | ICT व्यवस्थापन | २००००० | १७९३०० | २६८९० |
| ४ | श्री ने रा आ वि तर्कापुर | ICT व्यवस्थापन | २००००० | १६४८३० | २४७२ |
| ५ | श्री बाल कल्याण आ वि सोनपुर | कक्षाकोठा व्यवस्थापन | ३००००० | २६५४५० | ३९८२ |
| ६ | श्री बाल विद्या आ वि सिम्रहवा | डिजिटल उपकरण खरिद | २००००० | १६९९४० | २५४९ |
| ७ | श्री कुसमा देवी आ वि रानीपुर | डिजिटल उपकरण खरिद | २००००० | १७५८६३ | २६३८ |
| | | | १५००००० | १३१०२७३ | १९६५४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,६५४ |

४६ **दाखिला गर्न बाँकी कर** - आयकर ऐन, २०५८ को दफा ९०(४) मा अग्रिम आयकर कट्टी गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले प्रदेश सरकारको मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमवाट देहायको विद्यालयमा अनुदान निकासा भएकोमा सो को विल भर्पाई पेशहुदा कट्टी भएको अग्रिम करकट्टि दाखिला भएको नदेखिएकोले उक्त कर दाखिला हुनु पर्ने रु.

| क. सं. | विद्यालयको नाम ठेगाना | कार्यक्रम | अनुदान रकम | विल रकम भ्याट बाहेकको | १. ५ % TDS |
|---|---|---|---|---|---|
| १ | श्री युवक मा वि दुध्धा | E- Lab | ६५०००० | ५७६३०३ | ८६४४.५५ |
| २ | श्री सिम्हा मा वि बेलभार | E- Lab | ६५०००० | ५७७५५२ | ८६६३.२८ |
| ३ | श्री शान्ति आ वि कुमरागाउँ | E- Lab | ६५०००० | ५७५६१५ | ८६३४.२३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | श्री अंशुवर्मा मा वि जयनगर | विज्ञान प्रयोगशाला | ६५०००० | ५७६२०६ | ८६४३.०९ |
| ५ | श्री जनज्योति मा वि बनगाई | विज्ञान प्रयोगशाला | ६५०००० | ५७५२१३ | ८६२८.२ |
| ६ | श्री जनजागृति प्रा वि गुलरा | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० | ५०००० | ७५० |
| ७ | श्री विजय प्रा वि विजयनगर | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० | ५०००० | ७५० |
| ८ | श्री सरस्वती प्रा वि भगतपुर | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० | ५०००० | ७५० |
| ९ | श्री करुणा प्रा वि बनगाई | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० | ५०००० | ७५० |
| १० | श्री जलजला दिप ज्योति प्रा वि | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० | ४६४७३ | ६९७.१ |
| जम्मा | | | ३५००००० | ३१२७३६२ | ४६९१०.४३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,९११ |

४७ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले यस आर्थिकमा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च रु. हजार | आन्तरिक आय रु.हजार | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७४५४८१ | १८८०७ | २.४६ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.४६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४८ **आन्तरिक आय तर्फ** - चन्दनपुर घाट, ढुग्रीघाट, कुमराघाट, लठूवाघाट, वैरीघाटको कुल २६ लाख १९ हजरा २२२ क्युफिट दहत्तर वहत्तर विक्रिको लागि प्रदेशसरकाले तोकेको क्युफिट दर रु.८.०ले हुन आउने न्युनतम रु.२ करोड ९ लाख ५३ हजार ७७६ कायम गरी आय ठेक्का मिति २०७९।७।१६ मा आव्हान गरेकोमा सवै भन्दा वढी रु.२ करोड ३६ लाख ७८ हजार ८११ कबुल गर्ने देउति वजै निर्माण सेवाको वोलपत्र स्वीकृत गरी

२०८० जेष्ठ मसान्त सम्म सम्पुर्ण रकम दाखिला गर्ने गरी सम्झौता भएकोमा सम्झौता वमोजिम रकम दाखिला नगरी रु.१ करोड ७० लाख वाँकी रहेको छ ।सम्झौता अवधि पछी कार्यालयवाट सम्वन्धित घाटहरुको निरीक्षण गरी दिएको प्रतिवेदनमा उत्खनन् गर्ने जिम्मा लिएको निर्माण व्यवसायिले पुरै परिमाण उत्खनन् गरेको प्रतिवेदन दिएको छ ।यसरी समयमानै रकम दाखिला नगरेकोमा दाखिला गर्न पटक पटक पत्राचार गरेकोमा रकम दाखिला नगरेकोले सम्झौता वमोजिम वाँकी रहेको रकम जफत गर्न जमानत जारी गर्ने नविल बैंक नेपालगंञ्ज वाँकेलाई २०८०।३।३ देखि २०८०।५।११ सम्म पटक पटक पत्राचार गर्दा जमानत वापतको रकम कार्यालयलाई प्राप्त भएको देखिएन । सो अवधि पछि २०८०।५।१२ मा तल्सीपुर उच्च अदालतमा सम्झौता वमोजिमको परिमाण उत्खनन् गर्न नपाएको भनी मुद्धा दर्ता गरेकोमा उक्त मुद्धा विचाराधिन रहेको छ । अतः सम्झौता वमोजिम दाखिला गर्नवाँकी रहेको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०,००,००० |

४९ **आय ठेक्का** -ढुग्रीघाटको दहत्तर वहत्तर विक्रिको लागि न्युनतम रु.३९ लाख ५२ हजार ४८० कायम गरी आय ठेक्का मिति २०७८।१०।११ मा आव्हान गरेकोमा सवै भन्दा वढी रु.३९ लाख ६० हजार कबुल गर्ने कल्पना कन्ट्रक्सनको वोलपत्र स्वीकृत गरी २०७९ जेष्ठ मसान्त सम्म सम्पुर्ण रकम दाखिला गर्ने गरी सम्झौता भएकोमा सम्झौता वमोजिम रकम दाखिला नगरी रु.२३ लाख वाँकी रहेको छ । ।यसरी समयमानै रकम दाखिला नगरेकोमा दाखिला गर्न पटक पटक पत्राचार गरेकोमा रकम दाखिला नगरेकोले सम्झौता वमोजिम वाँकी रहेको रकम जफत गर्न जमानत जारी गर्ने कृषि विकास बैंकलाई २०७९।४।१० देखि २०७९।१२।९ सम्म पटक पटक पत्राचार गर्दा जमानत वापतको रकम कार्यालयलाई प्राप्त भएको देखिएन । सो अवधि पछि २०८०।६।०८ मा तल्सीपुर उच्च अदालतमा सम्झौता वमोजिमको रकम भुक्तानी नगरेको तथा जमानत माग गर्दा नदिएको वैक समेतलाई विपक्षी वनाई मुद्धा दर्ता गरेकोमा उक्त मुद्धा विचाराधिन रहेको छ । अतः सम्झौता वमोजिम दाखिला गर्नवाँकी रहेको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,००,००० |

५० **मनोरञ्जन कर** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ ।यस आर्थिकवर्षमा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१ **कर तथा शुल्क असुली** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आयशीर्षक | प्रस्तावित आय (रु, हजारमा) | वास्तविक आय(रु,हजारमा) | आय प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | एकिकृत सम्पत्ति कर | ७९००० | १३९१६२४ | १७६१.५५ |
| २ | भुमिकर/मालपोत | ७००९००० | ५६०४६२९.९८ | ७९.९५ |
| ३ | घरबहाल कर | ३६१००० | १३२६७८०.६८ | ३६७.५३ |
| ४ | बहाल विटौरी कर | ६८२५०० | १५०५००८ | २२०.५१ |
| ५ | सवारी साधन कर (साना सवारी) | ६३००० | १००० | १.५९ |
| ६ | कृषि तथा पशुजन्य बस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २००००० | १५७२३० | ७८.६२ |
| ७ | अन्य कर | ० | १२६७९२ | १२६७९२०० |
| ८ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १९१००००० | ० | ० |
| ९ | अन्य सेवा शुल्क तथा बिक्री | | | |
| १० | न्यायिक दस्तुर | ५२५० | २२५६७ | ४२९.८५ |
| ११ | शिक्षा क्षेत्रको आम्दानी | ० | १०० | १००० |
| १२ | परिक्षा शुल्क | २५००० | ३००० | १२ |
| १३ | अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | १३७८९८.५ | २७५.६२ |
| १४ | नक्सापास दस्तुर | १०००००० | ११५०५० | ११.५१ |
| १५ | सिफारिस दस्तुर | २७३०००० | ३६१००६६ | १३२.२४ |
| १६ | व्यक्तिगत घटना दर्ता दस्तुर | २६२५०० | १४०० | ०.५३ |
| १७ | नाता प्रमाणित दस्तुर | २६२५०० | २६२४१५ | ९९.९७ |
| १८ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५२५० | २०४९६६४ | ३९०४१.२२ |
| १९ | अन्य राजश्व | ८२००००० | १३३०३७.७ | १.६२ |
| २१ | व्यवसाय कर | ३००००० | ७१४८९९ | २३८.३ |
| २२ | बेरुजू | १००००० | ३२६९२८.३५ | |
| जम्मा | | ४१३५०००० | १८८०७६१२.२ | ४५.४८% |
| राजश्व बाँडफाँड स्थानीय | | १३६५०००० | १७३२३४७०.८ | १२६.९१% |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **सवारी कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम रु.६३ हजार सवारी कर उठाउने लक्ष्य राखेकोमा १ हजार मात्र असुली भएको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.७ लाख १४ हजार कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **आयको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४ करोड १३ लाख ५० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१ करोड ८८ लाख ७ हजार अर्थात अनुमानको ४५ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

# अनुसूचीहरू

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : बारबर्दिया नगरपालिका, बर्दिया , बारबर्दिया नगरपालिका , बर्दिया

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ashok Koirala | २०७९-६-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सत्येन्द्र जि सी | २०७९-२-२७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २३,२५९,६०३ | ५,८१०,२९२ | १०,३६०,३५९ | ० | ० | ४३१,९११ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३९,८६२,१६५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,७६१,३११ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३८,१००,८५४ |

## आर्थिक कारोवारको स्थिति

स्थानीय तह : बारबर्दिया नगरपालिका , बर्दिया **अनुसुचि- १**

| **गत बर्षको जिम्मेवारी** | | २०१३१०६०३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५७३५२८४४१ | **चालु खर्च** | ७५३१२८७१४ |
| **प्रदेश सरकारबाट अनुदान** | ३२९९९७३५ | **पूँजीगत खर्च** | २६४९८३००० |
| **राजश्व बाँडफाँट** | १३८९५२२३९ | **वित्तीय/अन्य व्यवस्था** | २१८४९७६० |
| **आन्तरिक आय** | १८८०७६१२ | | |
| **अन्य आय** | २६९७०४०४७ | | |
| **कुल आय** | १०३३९९२०७४ | **कुल खर्च** | १०३९९६१४७४ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | १९५३४१२०३ |

**अनुसुचि- २**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १०४०६१२८२३.७६ | ७८४५०२५२३.११ | | ७८४५०२५२३.११ | ८०२२९७८८३.१८ | ७५३६०५.०० | ८०३०५१४८८.१८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | १०११९२३०००.०० | ७६४२८८०२८.५४ | ० | ७६४२८८०२८.५४ | ७८७१३१४६१.१८ | ० | ७८७१३१४६१.१८ |
| ११००० कर | ११ | १८७५८५५००.०० | १४२१९२७१६.९३ | ० | १४२१९२७१६.९३ | १७११३९०१९.११ | ० | १७११३९०१९.११ |
| १३००० अनुदान | | ६९५३८२०००.०० | ६०६५२८१७६.९० | ० | ६०६५२८१७६.९० | ५९१४०९८९१.५७ | ० | ५९१४०९८९१.५७ |
| संघीय सरकार | १२ | ६४५०६२०००.०० | ५७३५२८४४१.९० | ० | ५७३५२८४४१.९० | ५६६८५८१९४.३८ | ० | ५६६८५८१९४.३८ |
| प्रदेश सरकार | १२ | ५०३२००००.०० | ३२९९९७३५.०० | ० | ३२९९९७३५.०० | २४५५१६९७.१९ | ० | २४५५१६९७.१९ |
| १४००० अन्य राजस्व | | ३२७०५५००.०० | १५२४०२०६.३६ | ० | १५२४०२०६.३६ | २४३४३२३२.५० | ० | २४३४३२३२.५० |
| १५००० विविध प्राप्ति | | १०००००.०० | ३२६९२८.३५ | ० | ३२६९२८.३५ | २३९३१८.०० | ० | २३९३१८.०० |
| ३२००० वित्तीय सम्पत्ति | | ९६१५००००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २८६८९८२३.७६ | २०२१४४९४.५७ | | २०२१४४९४.५७ | १५१६६४२२.०० | ७५३६०५.०० | १५९२००२७.०० |
| कोषहरु | | २८६८९८२३.७६ | १२५९२३०९.५७ | ० | १२५९२३०९.५७ | ८२८२१८०.०० | ७५३६०५.०० | ९०३५७८५.०० |
| धरौटी | | ० | ७६२२१८५.०० | ० | ७६२२१८५.०० | ६८८४२४२.०० | ० | ६८८४२४२.०० |
| भुक्तानी (ग+घ) | | १०४०६१२८२३.७६ | ७९०४७१९२१.५२ | | ७९०४७१९२१.५२ | ८०२७२६०२९.८७ | ७४४८५६.०० | ८०३४७०८८५.८७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १०११९२३०००.०० | ७६८६२२१६१.४९ | | ७६८६२२१६१.४९ | ७७११०३३१९.८७ | | ७७११०३३१९.८७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ८६१४००००.०० | ५३१७६१३४.३४ | ० | ५३१७६१३४.३४ | ७५७९५५१८.८७ | ० | ७५७९५५१८.८७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २०६४१४१५०.०० | १४२७८९७२२.१५ | ० | १४२७८९७२२.१५ | १४४७३०९८०.१२ | ० | १४४७३०९८०.१२ |
| २५००० सहायता ( Subsidy) | १८ | ३११९०१५५०.०० | ३०१८५३२५१.०० | ० | ३०१८५३२५१.०० | २५७६५२६८२.८८ | ० | २५७६५२६८२.८८ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | २८७९१०.०० | ० | २८७९१०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ८४२०००००.०० | ६३६८९३७.०० | ० | ६३६८९३७.०० | १४७१६०००.०० | ० | १४७१६०००.०० |
| २८००० अन्य खर्च | १८ | ३२१००००.०० | ४५१११७.०० | ० | ४५१११७.०० | ९९९३३६.०० | ० | ९९९३३६.०० |
| ३१००० गैर वित्तीय | १८ | ३९५८३७३००.०० | २६३९८३०००.०० | ० | २६३९८३०००.०० | २७६९२०८९२.०० | ० | २७६९२०८९२.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सम्पत्ती / पूँजीगत खर्च | | | | | | | | |
| घ. अन्य भूक्तानी | | २८६८९८२३.७६ | २१८४९७६०.०३ | | २१८४९७६०.०३ | ८०२७२६०२९.८७ | ७४४८५६.०० | ८०३४७०८८५.८७ |
| कोषहरु | | २८६८९८२३.७६ | १९२६५५९६.९० | ० | १९२६५५९६.९० | २६३२०४१२.०० | ७४४८५६.०० | २७०६५२६८.०० |
| धरौटी | | ० | २५५८३०८.०० | ० | २५५८३०८.०० | ५३०२२९८.०० | ० | ५३०२२९८.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | २५८५५.१३ | | २५८५५.१३ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (५९६९३९८.४१) | | (५९६९३९८.४१) | (४२८१४६.६९) | ८७४९.०० | (४१९३९७.६९) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २०१३१०६०३.३२ | | २०१३१०६०३.३२ | २०१७३०००१.०१ | | २०१७३०००१.०१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १९५३४१२०४.९१ | | १९५३४१२०४.९१ | २०१३०१८५४.३२ | ८७४९.०० | २०१३१०६०३.३२ |
| बैंक तथा नगद बाकी | २४ | | १९५३४१२०४.९१ | | १९५३४१२०४.९१ | २०१३१०६०३.३२ | | २०१३१०६०३.३२ |

संघिय सरकार र प्रदेश सरकार तर्फको C-GAS मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| | | आयतर्फ | सि.नं | | व्ययतर्फ |
|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | | विवरण | रकम |
| १ | संघीय तर्फ सामाजिक सुरक्षा तथा संरक्षण निकासा | २४८०२४५५३।० | १ | संघीय सामाजिक सुरक्षा तथा संरक्षण खर्च | २४८०२४५५३।० |
| २ | संघीय तर्फ गरिवसंग विश्वेश्वर कार्यक्रम | ४६५०००।० | २ | संघीय गरिवसंग विश्वेश्वर कार्यक्रम | ४६५०००।० |
| ३ | संघीयतर्फ स्थानीय तह प्रशासनिक भवन | १००००००।० | ३ | संघीय एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | १००००००।० |
| | जम्मा | २४९४८९५५३।० | | जम्मा | २४९४८९५५३।० |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १०४०६१२८२३.७६ | ७८४५०२५२३.११ | | ७८४५०२५२३.११ | ८०२२९७८८३.१८ | ७५३६०५.०० | ८०३०५१४८८.१८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | १०११९२३०००.०० | ७६४२८८०२८.५४ | ० | ७६४२८८०२८.५४ | ७८७१३१४६१.१८ | ० | ७८७१३१४६१.१८ |
| ११००० कर | ११ | १८७५८५५००.०० | १४२१९२७१६.९३ | ० | १४२१९२७१६.९३ | १७११३९०१९.११ | ० | १७११३९०१९.११ |
| १३००० अनुदान | | ६९५३८२०००.०० | ६०६५२८१७६.९० | ० | ६०६५२८१७६.९० | ५९१४०९८९१.५७ | ० | ५९१४०९८९१.५७ |
| संघीय सरकार | १२ | ६४५०६२०००.०० | ५७३५२८४४१.९० | ० | ५७३५२८४४१.९० | ५६६८५८१९४.३८ | ० | ५६६८५८१९४.३८ |
| प्रदेश सरकार | १२ | ५०३२००००.०० | ३२९९९७३५.०० | ० | ३२९९९७३५.०० | २४५५१६९७.१९ | ० | २४५५१६९७.१९ |
| १४००० अन्य राजस्व | | ३२७०५५००.०० | १५२४०२०६.३६ | ० | १५२४०२०६.३६ | २४३४३२३२.५० | ० | २४३४३२३२.५० |
| १५००० विविध प्राप्ति | | १०००००.०० | ३२६९२८.३५ | ० | ३२६९२८.३५ | २३९३१८.०० | ० | २३९३१८.०० |
| ३२००० वित्तीय सम्पत्ति | | ९६१५००००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २८६८९८२३.७६ | २०२१४४९४.५७ | | २०२१४४९४.५७ | १५१६६४२२.०० | ७५३६०५.०० | १५९२००२७.०० |
| कोषहरु | | २८६८९८२३.७६ | १२५९२३०९.५७ | ० | १२५९२३०९.५७ | ८२८२१८०.०० | ७५३६०५.०० | ९०३५७८५.०० |
| धरौटी | | ० | ७६२२१८५.०० | ० | ७६२२१८५.०० | ६८८४२४२.०० | ० | ६८८४२४२.०० |
| भुक्तानी (ग+घ) | | १०४०६१२८२३.७६ | ७९०४७१९२१.५२ | | ७९०४७१९२१.५२ | ८०२७२६०२९.८७ | ७४४८५६.०० | ८०३४७०८८५.८७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १०११९२३०००.०० | ७६८६२२१६१.४९ | | ७६८६२२१६१.४९ | ७७११०३३१९.८७ | | ७७११०३३१९.८७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ८६१४००००.०० | ५३१७६१३४.३४ | ० | ५३१७६१३४.३४ | ७५७९५५१८.८७ | ० | ७५७९५५१८.८७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २०६४१४१५०.०० | १४२७८९७२२.१५ | ० | १४२७८९७२२.१५ | १४४७३०९८०.१२ | ० | १४४७३०९८०.१२ |
| २५००० सहायता ( Subsidy) | १८ | ३११९०१५५०.०० | ३०१८५३२५१.०० | ० | ३०१८५३२५१.०० | २५७६५२६८२.८८ | ० | २५७६५२६८२.८८ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | २८७९१०.०० | ० | २८७९१०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ८४२००००.०० | ६३६८९३७.०० | ० | ६३६८९३७.०० | १४७१६०००.०० | ० | १४७१६०००.०० |
| २८००० अन्य खर्च | १८ | ३२१००००.०० | ४५१११७.०० | ० | ४५१११७.०० | ९९९३३६.०० | ० | ९९९३३६.०० |
| ३१००० गैर वित्तीय | १८ | ३९५८३७३००.०० | २६३९८३०००.०० | ० | २६३९८३०००.०० | २७६९२०८९२.०० | ० | २७६९२०८९२.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सम्पत्ती / पूँजीगत खर्च | | | | | | | | |
| घ. अन्य भूक्तानी | | २८६८९८२३.७६ | २१८४९७६०.०३ | | २१८४९७६०.०३ | ८०२७२६०२९.८७ | ७४४८५६.०० | ८०३४७०८८५.८७ |
| कोषहरु | | २८६८९८२३.७६ | १९२६५५९६.९० | ० | १९२६५५९६.९० | २६३२०४१२.०० | ७४४८५६.०० | २७०६५२६८.०० |
| धरौटी | | ० | २५५८३०८.०० | ० | २५५८३०८.०० | ५३०२२९८.०० | ० | ५३०२२९८.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | २५८५५.१३ | | २५८५५.१३ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (५९६९३९८.४१) | | (५९६९३९८.४१) | (४२८१४६.६९) | ८७४९.०० | (४१९३९७.६९) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २०१३१०६०३.३२ | | २०१३१०६०३.३२ | २०१७३०००१.०१ | | २०१७३०००१.०१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १९५३४१२०४.९१ | | १९५३४१२०४.९१ | २०१३०१८५४.३२ | ८७४९.०० | २०१३१०६०३.३२ |
| बैंक तथा नगद बाकी | २४ | | १९५३४१२०४.९१ | | १९५३४१२०४.९१ | २०१३१०६०३.३२ | | २०१३१०६०३.३२ |